ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैला, हुम्ला

# सिलबन्दी दरभाउपत्र /बोलपत्र आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/१२/२७

यस कार्यालयबाट चालु आ.ब. ०७५/०७६ मा विभिन्न योजनाहरुको निर्माण कार्य शिलबन्दी दरभाउपत्र/बोलपत्रद्धारा गराउनु पर्ने भएकोले निर्माण व्यवशाय ऐन २०५५ अन्तर्गत दर्ता भएका नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवशायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र/बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ ।

१.तपशिलमा उल्लेखित रकम (फिर्ता नहुने गरि) नगदै बुझाई रसिद संलग्न राखी अद्यावधिक नविकरण भएको ठेक्का ईजाजतपत्र, प्यान नम्बर दर्ता प्रमाण पत्र , मु.अ.कर दर्ता प्रमाण पत्र, आ.ब. ०७४/०७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, संलग्न गरि लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सिलबन्दी दरभाउपत्रको हकमा १५ दिन भित्र र बोलपत्रको हकमा ३० दिन भित्र ताँजाकोट गाउँपालिकाको कार्यालय मैला हुम्लाको कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. यस कार्यालयबाट खरिद गरेको शिलबन्दी दरभाउपत्र/बोलपत्र फारम नियमानुसार भरी खाममा शिलबन्दी गरि खामको बाहिर कामको विवरण, ठेक्का नं, शिलबन्दी दरभाउपत्र/बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरि विक्री गर्ने अन्तिम दिनको १२.०० बजेसम्म ताँजाकोट गाउँपालिकाको कार्यालय मैला हुम्लाको कार्यालमा दर्ता गरि सक्नु पर्ने छ । दर्ता भएका शिलबन्दी दरभाउपत्र/बोलपत्र सोही दिनको २.०० बजे दरभाउपत्र/बोलपत्रदाता स्वमं वा निजको प्रतिनिधिहरुको रोबहरमा खोलिने छ । शिलबन्द दरभाउपत्र/बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि दरभाउपत्र/बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. तपशिलमा उल्लेखित धरौटी वापतको रकम ताँजाकोट स्थित जनता बैक ताँजाकोट शाखाको नाममा रहेको धरौटी खाता नं मा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको शिलबन्दी दरभाउपत्रको हकम ७५ दिन र बोलपत्रको हकमा १२० दिन म्याद भएको बिड बन्ड प्रत्येक शिलबन्दी दरभाउपत्र/बोलपत्रका साथ संलग्न राख्नु पर्ने छ ।

४. शिलबन्दी दरभाउपत्र/बोलपत्र शर्त रहित प्रत्येक आईटममा प्रस्टसँग भरिएको दरभाउपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्ने छ । दररेट सच्याउनु परेमा दस्तखत भएको हुनुपर्ने छ । समयभित्र प्राप्त नभएको रीत नपुगेको, सूचनाको सर्त विपरित भएको शिलबन्दी दरभाउपत्र/बोलपत्र माथी कुनै कारबाही हुने छैन ।

५.नेपाल सरकारलाई बुझाउनु तिर्न वा बुझाउन पर्ने सबै प्रकारका करहरु स्थानीय स्तरमा तिर्न पर्ने सबै प्रकारका कर शिलबन्दी दरभाउपत्र/बोलपत्रमा उल्लेख गरिएको दररेटमा भ्याटबाहेक समाबेश भएको मानिने छ ।

६. शिलबन्दी दरभाउपत्र/बोलपत्रदाताले निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझि दरभाउपत्र भरेको मानिने छ ।

७.दरभाउपत्र/बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन र सो को भोलिपल्ट दर्ता गर्न सकिने छ ।

८.दारभाउपत्र/बोलपत्र डकुमेन्ट, स्पेशिफिकेशन,परिमाण सूची (**Bill of Quantities**) आदिमा भाषागत समेत त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

९.प्राप्त दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सर्म्पूण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१०.शिलबन्दी दरभाउपत्र/बोलपत्र फारमको प्रत्येक पानामा शिलबन्दी दरभाउपत्र/बोलपत्रदाताले छाप सहित सही गर्नु पर्ने छ ।

११.शिलबन्दी दरभाउपत्र/बोलपत्रदाताबाट दरभाउपत्र/बोलपत्रमा उल्लेखित परिमाण सूची प्रत्येक आइटमको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र/बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

१२. शिलबन्दी दरभाउपत्र/बोलपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नु पर्ने छ र अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१३. यसमा उल्लेख भएको नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुने छ ।

तपशिल

| क.स. | ठेक्का नं | योजनाको नाम | अनुमानित ल.ई(भ्याट र कन्टिजेन्सी बाहेक) रु | धरौटी वापतको रकम रु | बोलपत्र /दरभाउपत्रको दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 03/TRMUN/PHC/2075-76 | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण ताँजाकोट ४ गोठेलवाडा | ३२९४०००।०० | ८२३५०।०० | ३०००। | |
| २ | 04/TRMUN/PHC/2075-76 | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण ताँजाकोट १ भैसावाभ | ३२९४०००।०० | ८२३५०।०० | ३०००। | |
| | 05/TRMUN/PHC/2075-76 | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण ताँजाकोट ३ निलकण्ठी | ३२९४०००।०० | ८२३५०।०० | ३०००। | |

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner